कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोवार गर्ने

# युनिक नेपाल
# UNIQUE NEPAL
## LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)
रजिष्टर्ड कार्यालय : कोहलपुर नगरपालिका वडा नं.११, बाँके, लुम्बिनी प्रदेश, नेपाल
फोन नं.: ०८१–५४०२१३
E-mail: unique.lbsl@gmail.com, Website: www.uniquenepalmicrofinance.com.np
को

# थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) सम्वन्धी विवरण–पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड मर्जर भई बनेको यस संस्था को कुल चुक्ता पूँजी रु. ११,०६,३२,५००/– (अक्षरेपी एघाह्र करोड छ लाख बत्तीस हजार पाँच सय रुपैयाँ मात्र) को ९४.०१ प्रतिशले हुन आउने संस्थापक समूहको रु.१०,४०,०२,५००/– (अक्षरेपी दश करोड चालिस लाख दुई हजार पाँच सय रुपैयाँ मात्र) र ५.९९ प्रतिशले हुन आउने सर्वसाधारण समूहको रु. ६६,३०,००० /– (अक्षरेपी छैसट्ठी लाख तीस हजार रुपैयाँ मात्र) रकम बराबरको शेयर कायम रहेको हुनाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र नेपाल राष्ट्र बैंकले एक आपसमा गाभ्ने/गाभिने (मर्जर)का लागि अन्तिम स्वीकृति पत्र प्रदान गर्दा दिएको निर्देशन बमोजिम कुल जारी पूँजीको कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणलाई छुट्याउनु पर्ने हुँदा यस संस्थाले रु.३,७९,४२,५००/- रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/– दरका ३,७९,४२५ कित्ता साधारण शेयर सर्वसाधारणहरुमा थप सार्वजिनक निष्काशन (फर्दर पब्लिक इस्यू) गर्ने ।

**कम्पनीको नेटवर्थ सम्बन्धि तालिका :**

| विवरण | वास्तविक (घोडीघोडा ल.वि.स) | | | वास्तविक (युनिक नेपाल ल.वि.स.) | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/८० चैत्र मसान्त * | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९१.४२ | ८६.९७ | ७१.४८ | ३४७.४७ | ४५३.५४ | ३२१.२३ | २६३.३८ | ३६८.२२ | ४८३.२१ | ५११.७४ |
| प्रति शेयर आम्दानी (रु.) | ०.५९ | (४.४५) | (१५.४९) | ६४.८९ | १२१.७७ | ६०.८८ | (५४.०८) | ९५.३२ | १६१.२३ | १३३.६२ |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | १६३.९७ | (१,२२९.१९) | (४,२७९.०८) | ४०,८७७.९२ | ७६,७१४.४९ | ६७,३५०.०७ | (५९,८३०.५१) | १४१,६२७.९९ | २३९,५६९.६२ | २५१,९६५.२२ |

* नोट : व्यवस्थापनबाट प्रमाणित आ.व. ०७९/८० चैत्र मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण ।

**दरखास्तसाथ प्रति शेयर अंकित मूल्य रु १००/- दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (छैठौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "CARE-NP B+ (Is) [Single B Plus (Issuer Rating)]" प्रमाणपत्र प्राप्त गरेको छ । "CARE-NP B+ (Is) [Single B Plus (Issuer Rating)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम (high risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने बुझिन्छ । केयर रेटिङ्गस नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA (Is) ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात उच्च सुरक्षित रहेको आधार जनाउँछ र CARE-NP D (Is) ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ CARE-NP B+ (Is) को स्थिति CARE-NP B–(Is) को भन्दा एक चिन्ह माथि रहन्छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा **ग.२२.(ट)** मा उल्लेख गरिएको छ ।

ग्रेड प्रदान गरेको मिति : मिति २०७९ साल फागुन २६ गते — ग्रेड बहाल रहने अवधि : मिति २०८० साल माघ २१ गते

| विवरपत्र स्वीकृत तथा दर्ता मिति : | साधारण शेयरको बिक्री खुल्ला अवधि : |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०८०/०१/२१ | धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८०/०२/११ |
| नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति : २०८०/०१/२५ | धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८०/०२/१६ |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८०/०१/२७ | धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८०/०२/२५ |

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाईट www.muktinathcapital.com निष्काशनकर्ता कम्पनीको वेबसाईट www.uniquenepalmicrofinance.com.np साथै नेपाल धितोपत्र बोर्डको वेबसाईट www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ ।

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

**मुक्तिनाथ क्यापिटल लिमिटेड**
नारायणचौर, नक्साल, काठमाण्डौं ।
फोन नं.: ०१-४५४६१०८,४५४६४७०
Email: info@muktinathcapital.com,
Website:www.muktinathcapital.com

**ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न कम्पनी ऐन, २०६३ को दफा २३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि गरिएको प्रस्तुत पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंलाई सम्झनु पर्दछ ।

ग) **"संगठित संस्था/कम्पनी/वित्तीय संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी साधारण गरेको शेयर सम्झनु पर्दछ ।

ङ) **"निष्काशन बैंक"** भन्नाले थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) बाट संकलन हुन आएको रकमलाई जम्मा गर्नका लागि तोकिएको बाणिज्य बैंक वा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडका संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

झ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखा सँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

ञ) **"खुद सम्पत्ति (नेट वर्थ)"** भन्नाले कम्पनीको वासलातमा रहने सम्पत्तिको कुल जोडमा वाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम सम्झनु पर्छ ।

ट) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको कुल नेटवर्थलाई कुल शेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

ठ) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको आम्दानीलाई उक्त संस्थाको जारी शेयरले भाग गर्दा आउने भागफल सम्झनु पर्छ ।

ड) **"लघुवित्त वित्तीय संस्था"** भन्नाले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "घ" वर्गको वित्तीय संस्थालाई सम्झनु पदर्छ ।

ढ) **"थप सार्वजनिक निष्काशन"** भन्नाले संगठित संस्थाले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गरी सूचीकरण भैसकेको संगठित संस्थाले आफ्नो पूँजी वृद्धि गर्न सर्वसाधारणमा जारी गरिएको शेयर सम्झनु पदर्छ ।

**ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरण पत्र प्राप्त गर्न सकिने संस्थाको नाम र ठेगाना |
|---|---|
| १. | मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं र वेभसाइट : www.muktinathcapital.com |
| २. | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर, बाँके र वेभसाइटः www.uniquenepalmicrofinance.com.np |
| | **विवरण पत्र हेर्न पाउने संस्थाको नाम र ठेगाना** |
| १. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर, र वेभसाइट, www.sebon.gov.np |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (CASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको अनलाईन सफ्टवेयर "Mero Share" प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यबस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२.क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**
यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**
यस युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग) नियमन निकायको नियमन ब्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**
प्रचलित कानून अनुसार आफ्नो उद्योग/ब्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै: कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, आदि) को सार्वजनिक निष्काशन र थप सार्वजनिक निष्काशन (Further Public Issue) तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन र थप सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. ०७८/७९ सम्मको विवरणहरु पेश गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/१२/१५ मा सो आ.व. सम्म कम्पनी अध्यावधिक रहेको जानकारी प्राप्त भएको छ, साथै आ.व. २०७८/७९ को सन्दर्भमा वित्तीय विवरण लेखापरिक्षकबाट प्रमाणित गरी मिति २०७९/१२/०४ गतेको साधारण सभाबाट पारित भईसकेको छ ।

**ग.२.घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस वित्तीय संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालोसूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ता हरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
५. यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

### ग.३.(क) संगठित संस्थाको पृष्ठभूमी :

**(अ) संस्थाको नाम** : युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि. **(Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.)**

**(आ) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/४/१८ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७५/७/२५ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त गरी दश जिल्ला कार्यक्षेत्रको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७५/९/१ गतेदेखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ ।

कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७८/०९/२० गतेको पत्रबाट मर्जरको स्वीकृति प्राप्त गरी साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडले युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट स्वीकृति लिई मिति २०७८/०९/३० गतेदेखि एकीकृत कारोबार शुभारम्भ गरिएको हो । एकआपसमा गाभिदा ड्यू डेलिजेन्स रिपोर्ट, दुवै पक्षको सञ्चालक समिति र विशेष साधारण सभाको निर्णय अनुसार कायम भएको शेयर स्वाप अनुपात १:२ अर्थात युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको १ शेयर बराबर घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको २ शेयरको अनुपातमा कायम हुन आएको जम्मा शेयर कित्ता ११,०६,३२५ नेपाल धितोपत्र बोर्डमा पुनः दर्ता अभिलेख मिति २०७९/०४/१३ गते गरिएको छ ।

**(इ) संस्थाको रजिष्टर्ड ठेगाना :** यस वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय कोहलपुर नगरपालिका, वडा नं. ११, बाँके, लुम्बिनी प्रदेश मा रहेको छ ।

**(ई) कारोवार गर्ने मुख्य स्थान :**

यस वित्तीय संस्थाको कारोवार गर्ने स्थान बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत र डडेलधुरा गरी १० जिल्लामा कार्यक्षेत्र रहेको छ । मिति २०७९/१२/३० गतेसम्मको अद्यावधिक तथ्याङ्क अनुसार यस वित्तीय संस्थाले ४१ वटा शाखा कार्यालयहरु मार्फत लघुवित्त कारोवार गर्दै आईरहेको छ, र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सक्नेछ । हाल यस वित्तीय संस्थाको रजिष्टर्ड केन्द्रीय कार्यालय कोहलपुर नगरपालिका, वडा नं. ११, बाँके मा रहेको छ, र यस वाहेक तपसिलका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो लघुवित्त कारोबार गर्दै आइरहेको छ ।

| क्र.सं. | शाखाको नाम | ठेगाना | क्र.सं. | शाखाको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १ | गुलरिया शाखा | गुलरिया नगरपालिका - ०५, बर्दिया | २२ | धनगढी शाखा | धनगढी उप-महानपा -०२, कैलाली |
| २ | बाँसगढी शाखा | बाँसगढी नगरपालिका - ०५, बर्दिया | २३ | अत्तरिया शाखा | गोदावरी नगरपालिका -०२, कैलाली |
| ३ | मैनापोखर शाखा | बढैयाताल गाउँपालिका - ०६, बर्दिया | २४ | बौनिया शाखा | बर्दगोरिया गाउँपालिका -०२, कैलाली |
| ४ | सानोश्री शाखा | मधुवन नगरपालिका - ०८, बर्दिया | २५ | जोसीपुर शाखा | जोसीपुर गाउँपालिका - ०१, कैलाली |
| ५ | राजापुर शाखा | राजापुर नगरपालिका - ०४, बर्दिया | २६ | हसुलिया शाखा | कैलारी गाउँपालिका - ०१, कैलाली |
| ६ | नयाँगाउँ शाखा | राजापुर नगरपालिका - ०२, बर्दिया | २७ | नारायणपुर शाखा | टीकापुर नगरपालिका - ०६, कैलाली |
| ७ | जयनगर शाखा | बारबर्दिया नगरपालिका -०६, बर्दिया | २८ | प्रतापपुर शाखा | लम्कीचुहा नगरपालिका -०९,कैलाली |
| ८ | शान्तिबजार शाखा | गेरुवा गाउँपालिका - ०३, बर्दिया | २९ | भजनी शाखा | भजनी नगरपालिका - ०१, कैलाली |
| ९ | भुरीगाउँ शाखा | ठाकुरबाबा नगरपालिका -०१, बर्दिया | ३० | मसुरिया शाखा | गौरीगंगा नगरपालिका -०८, कैलाली |
| १० | ठाकुरद्वारा शाखा | ठाकुरबाबा नगरपालिका -०९, बर्दिया | ३१ | पथरैया शाखा | जानकी गाउँपालिका -०५, कैलाली |
| ११ | मानपुरटपरा शाखा | राजापुर नगरपालिका - ०६, बर्दिया | ३२ | सुखड शाखा | घोडाघोडी नगरपालिका -०१,कैलाली |
| १२ | नेपालगञ्ज शाखा | नेपालगंज उप-महानपा-१०, बाँके | ३३ | फुलवारी शाखा | धनगढी उप-महानपा -१९, कैलाली |
| १३ | राँझा शाखा | नेपालगंज उप-महानपा-२०, बाँके | ३४ | चौमाला शाखा | गौरीगंगा नगरपालिका - ०१, कैलाली |
| १४ | खजुरा शाखा | खजुरा गाउँपालिका -०५, बाँके | ३५ | महेन्द्रनगर शाखा | भिमदत्त नगरपालिका -१८, कञ्चनपुर |
| १५ | कोहलपुर शाखा | कोहलपुर नगरपालिका - ०५, बाँके | ३६ | झलारी शाखा | शुक्लाफाँटा नपा-१०, कञ्चनपुर |
| १६ | पुरैना शाखा | नेपालगञ्ज उप-महानपा-०६, बाँके | ३७ | बेलौरी शाखा | बेलौरी नगरपालिका -०४, कञ्चनपुर |
| १७ | फत्तेपुर शाखा | राप्तीसोनारी गाउँपालिका -०६, बाँके | ३८ | आईबिआरडी शाखा | पुनर्वास नगरपालिका - ०३, कञ्चनपुर |
| १८ | बिनौना शाखा | राप्तीसोनारी गाउँपालिका -०५, बाँके | ३९ | गेटा शाखा | गोदावरी - ५ गेटा, कैलाली |
| १९ | गढवा शाखा | गढवा गाउँपालिका -०६, दाङ | ४० | बेलडाँडी शाखा | बेलडांडी-४ वैवाह, कञ्चनपुर |
| २० | ओदारी शाखा | वाँणगंगा नगरपालिका-११ कपिलबस्तु | ४१ | कृष्णपुर शाखा | कृष्णपुर नगरपालिका -५, गुलरिया कञ्चनपुर |
| २१ | टिकापुर शाखा | टीकापुर नगरपालिका - ०१, कैलाली | | | |

**(उ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/४/१८ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७५/७/२५ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त गरी १० जिल्ला कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७५/९/१ गतेदेखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ । यस वित्तीय संस्थाका संस्थापकहरुमा विभिन्न बैंक तथा वित्तीय संस्था, बैंकिङ्ग क्षेत्र, जलविद्युत क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि उद्योग तथा व्यापार क्षेत्र एवं व्यवस्थापन क्षेत्रमा लामो अनुभव भएका प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ । "घ" वर्गको लघुवित्त संस्थामा रुपान्तरण हुनुभन्दा पहिले फिंगोको रुपमा करिव १८ वर्ष लघुवित्त कारोबार सञ्चालन गरेको अनुभव प्राप्त संस्थापक र कर्मचारीहरु रहेका छन् ।

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

(१) वित्तीय संस्थाको निक्षेपकर्ताको हक-हितको संरक्षण र सम्वर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
(२) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रूपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
(३) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,
(४) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने, र
(५) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने,

**(ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

**<u>साविकको घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको इतिहास :</u>**

१. नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति : २०७१/११/१९ गते
२. नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त मिति : २०७३/१/२९ गते
३. वित्तीय संस्थाले आफ्नो वित्तीय कारोबारहरु सञ्चालन गरेको मिति : २०७३/३/६ गते
४. नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति : २०७६/३/९ गते
५. नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति : २०७६/३/९ गते
६. कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७६/०३/१० गते
७. धितोपत्र निष्काशन खुल्ला गरिएको मिति : २०७६/०३/२० गते
८. धितोपत्र निष्काशन बन्द गरिएको मिति : २०७६/०३/२४ गते
९. धितोपत्र बाँडफाँट गरिएको मिति : २०७६/०३/२७ गते
१०. धितोपत्र सुचीकरण भएको मिति : २०७६/०३/०६ गते

**<u>युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको इतिहास :</u>**

१. नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति : २०७५/०४/१८ गते
२. नेपाल राष्ट्र बैकबाट स्वीकृति प्राप्त मिति : २०७५/०७/२५ गते
३. वित्तीय संस्थाले आफ्नो वित्तीय कारोबारहरु सञ्चालन गरेको मिति : २०७५/०९/१ गते
४. नेपाल धितोपत्र बोर्डबाट धितोपत्र सूचीकरण स्वीकृति पत्र : २०७९/०४/१३ गते
५. नेपाल स्टक एक्सचेन्जमा धितोपत्र सूचीकरण : २०७९/११/०४ गते
६. कम्पनी रजिष्ट्रारको कार्यालयमा शेयरधनीहरुको शेयर विवरण सूचीकरण पछिल्लो मिति : २०७८।११।०१ गते
७. फिंगोको रुपमा लघुवित्त कारोबार गर्न इजाजत पत्र पाएको मिति : २०५७ साल असार १५ गते
८. फिंगोको रुपमा लघुवित्त कारोबार सञ्चालक गरेको अवधि : १८ वर्ष

कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७८/०९/२० गतेको पत्रबाट मर्जरको स्वीकृति प्राप्त गरी साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडले युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०७८/९/३० गतेदेखि एकीकृत कारोबार शुभारम्भ गरिएको हो । एकआपसमा गाभिदा ड्यू डेलिजेन्स रिपोर्ट, दुवै पक्षको सञ्चालक समिति र विशेष साधारण सभाको निर्णय अनुसार कायम भएको शेयर स्वाप अनुपात १:२ अर्थात युनिक नेपाल

लघुवित्त वित्तीय संस्था लिमिटेडको १ शेयर बराबर घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड को २ शेयरको अनुपातमा कायम हुन आएको जम्मा शेयर कित्ता ११,०६,३२५ नेपाल धितोपत्र बोर्डमा पुन: दर्ता अभिलेख मिति २०७९/४/१३ गते गरिएको हो ।

**(ए) अन्य विवरणहरु :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**
लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा समूहमा आबद्ध सदस्यहरुको निक्षेप (बचत) परिचालन गर्ने, कर्जा प्रवाह गर्ने र सदस्यहरु तथा गैर सदस्यहरुलाई विप्रेषण/रेमिट्यान्स भुक्तानी सेवा समेत रहेका छन् । सेवाग्राही सदस्यहरुलाई सीप विकास तालिम दिने, विभिन्न अन्तरक्रियामा सहभागी गराउने, अध्ययन भ्रमणमा लाने, सेवाग्राही सदस्यका छनौटमा परेमा छोराछोरीहरुलाई छात्रवृत्ति प्रदान गर्ने, आदि कार्यहरु गर्दै आएको छ । यसका अतिरिक्त बीमा कम्पनीहरुसित सम्झौता गरी ऋणी सदस्यहरुको कर्जाको बीमा सेवा समेत उपलब्ध गराउँदै आएको छ ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**
लघुवित्त वित्तीय संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड १ मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न रहेको छ । जस्तै, वेबबेस सफ्टवेयर, वेवसाइट, मोबाइल बैंकिङ्ग सफ्टवेयरका साथै एसएमएस सेवा समेतको प्रविधिहरु प्रयोगमा ल्याएको छ । डिजिटल पासबुक भरखरै शुरु गरिएको छ । हाल युरानस टेक प्रा.लि.को माईक्रोफानान्स सोलुसन सफ्टवयर सञ्चालनमा रहेको छ ।

**(३) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**
मिति २०७५/७/२५ गते वित्तीय संस्थाको रुपमा लघुवित्त कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी मिति २०७५/९/१ गतेदेखि बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत र डडेलधुरा गरी १० जिल्ला कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले आफ्नो लघुवित्त कारोबार सञ्चालन गर्दै आएको छ । हाल वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र मध्ये बर्दिया, कैलाली, बाँके, कञ्चनपुर, कपिलवस्तु र दाङमा रहेका जम्मा ४१ वटा शाखा कार्यालयहरुबाट आफ्नो सेवा विस्तार गरी त्यस क्षेत्रका ८९,७६० जना सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गरिरहेको छ । यस आर्थिक वर्ष ०७९ को चैत्र मसान्त सम्ममा वित्तीय संस्थाको लगानीमा रही रहेको कर्जा रकम रु. ३ अर्ब ८७ करोड ७० लाख ४ हजार रहेको छ भने सदस्यहरुको बचत परिचालन रु. २ अर्ब ४७ करोड ३१ लाख ७० हजार रहेको छ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

समय सापेक्ष अनुसार लघुवित्तीय सेवाहरु (सदस्यहरुमा लघुकर्जा प्रवाह र लघुवचत संकलन, बीमा र विप्रेषण सेवा आदि) को विकास गरी सम्भाब्य ग्राहकहरुको पहिचान गरेर आफ्नो ब्यापार विस्तार गर्ने योजना रहेको छ । साथै यस वित्तीय संस्थाका सेवा सम्बन्धी योजना देहाय बमोजिम रहेका छन् :

- चालु आर्थिक वर्षमा अन्य लघुवित्त संस्थाको उपस्थिति कम भएका जिल्ला, पालिका र वडाहरु पहिचान गरी उक्त क्षेत्रमा यस संस्थाको कार्यक्रम विस्तार गर्ने तथा थप जिल्लामा संस्थाको सेवाहरुको उपयुक्तताको सम्भाब्यता अध्ययन गरी शाखा कार्यालय स्थापना गरी कार्यक्रम विस्तार गर्ने, केन्द्र बैठकलाई अझ प्रभावकारी बनाउन पुनर्ताजगी तालिम तथा वित्तीय साक्षरता कक्षा सञ्चालन गर्ने, ग्राहक सदस्यको क्षमता तथा आवश्यकता आदिको पर्याप्त विश्लेषण गरेर गुणस्तरीय कर्जा लगानी गर्दै कर्जा कारोबार वृद्धि गर्ने, बचत वृद्धिमा विशेष जोड दिने र बचत तथा कर्जाका नयाँ सेवा विकास गर्ने लक्ष्य लिइएको छ ।
- प्रबन्धपत्र तथा नियमावलीमा रहेका उद्देश्य बमोजिम थप कार्यहरु गर्दै जाने लक्ष्य रहेको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**
वित्तीय संस्थाको प्रमुख बजार हाललाई बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत र डडेलधुरा गरी जम्मा १० जिल्ला रहेको छ । ती कार्यक्षेत्रभित्र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउँदै लैजाने यस वित्तीय संस्थाको लक्ष्य रहेकोछ । भविष्यमा हरेक वर्गका ग्राहकहरुको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउँदै लैजाने लक्ष्य रहेको छ र नेपाल राष्ट्र बैंकमा राष्ट्रिय स्तरमा स्तरोन्नतीकोलागि निवेदन पेश गरी सकिएको साथै स्वीकृति लिएर थप शाखा, उपशाखा तथा अन्य कार्यालयहरु विस्तार गर्दै विभिन्न वर्गका ग्राहकहरुलाई सेवाहरु प्रदान गराउँदै लैजाने योजना रहेको छ ।

**(७) उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :**
बैंक तथा वित्तीय संस्थाहरुमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक र व्यवस्थापन टिमको दक्षताको कारण यस वित्तीय संस्थाले स्थापनाको छोटो समयमा नै लघुवित्तीय बजारको राम्रो हिस्सा ओगट्न र आफ्ना सेवाग्राहीहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** सो नभएको ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी/गैर सरकारी सेवा, उद्योग एवं व्यापारिक क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक र व्यवस्थापन समूहले सेवाग्राहीहरुको गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि सदैव तत्पर रहेका छन् । स्तरीय लघुवित्त सेवाका लागि ग्राहक सेवा विभाग स्थापना गरी सञ्चालनका साथै ग्राहक गुनासो सुनुवाई डेक्स समेत रहेको छ ।

**(१०) अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभुमिमा वित्तीय संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता दिई सो कार्यको लागि वित्तीय संस्थाका उच्च पदाधिकारीको मातहतमा एउटा छुट्टै "योजना तथा अनुसन्धान" इकाई खडा गरिएको छ । जसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने, नयाँ सेवाहरुको उपयुक्तताको सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ । साथै वित्तीय संस्थाले ग्राहकवर्गमा नयाँ निक्षेपको योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयाँ नयाँ प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने लक्ष्य राखेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :**

COVID-19 को कारण ऋण लगानी तथा असुलीमा कठिनाई भएको थियो । केन्द्र बैठक सञ्चालन हुन सकेको थिएन । कर्मचारीहरुलाई पनि केन्द्र बैठक सञ्चालन गर्न जान सक्ने अवस्था थिएन । तर, जसरी कोभिडको समस्या क्रमशः समाधान हुँदै गयो, यस वित्तीय संस्थाले पनि आफ्नो नियमित कार्यलाई निरन्तरता दिन थाल्यौ । मौद्रिक तरलताको अभावका कारण नेपालको अर्थतन्त्रको समग्र क्षेत्रमा पर्न गएको असरले कर्जा लगानी र असुली प्रकृयामा पर्ने जोखिम यथावत रहने देखिन्छ, र ग्राहकको व्यवसायमा आएको मन्दीका कारण कर्जा प्रवाहमा कमी आउन सक्नेछ । साथै बैकिङ्ग प्रणालीमा देखिएको तरलता समस्याले थप कर्जा प्राप्त गर्न समस्या रहेको तथा सोही अनुरुप कर्जा वृद्धि गर्न समेत चुनौती देखिएकोले संस्थाको व्यवसाय विस्तार तथा नाफामा समेत असर पार्न सक्ने देखिन्छ । यस समस्या समाधानकोलागि बचत संकलनमा प्राथमिकता दिने नीति अक्तियार गरिएको छ । साथै हाल वित्तीय संस्थाको कार्यक्षेत्रहरुमा लघुवित्त विरुद्ध संघर्ष समितिले विभिन्न गतिविधिका कारण कारोबार सञ्चालनमा केही समस्या देखा परेको छ । यसबाट वित्तीय संस्थाको दैनिक रुपमा सञ्चालन हुने केही केन्द्रहरुमा केन्द्र बैठक र कर्जा असुलीमा कठिनाई आएको छ । यस समस्याको प्रभावलाई न्यूनीकरण गर्न बचत तथा कर्जा नीतिमा परिमार्जन गर्दै लाने, र कर्मचारीहरुलाई जिम्मेवारीबोधका साथ काम गर्न थप प्रशिक्षण प्रदान गरिएको छ ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**(१३) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थितिः**

पछिल्लो कही वर्ष यता लघुवित्त वित्तीय संस्थाहरुको संख्या १०० बाट घटेर ६४ वटा बाँकी रहेको छ । तर, नेपालको जनसंख्या र लक्षीत वर्गको संख्याको अनुपातमा यो संख्या पनि धेरै हो । लघुवित्त सम्बन्धी कार्यक्रमको विस्तार र सेवा प्रदान गर्नका लागि नयाँ स्थान तथा क्षेत्रहरुको पहिचान गरी लघुवित्त सम्बन्धी कार्यक्रम सञ्चालन गर्न चुनौती देखिएको छ । एकै स्थानमा धेरै लघुवित्त संस्थाहरुको उपस्थितिले बजार अत्यन्तै प्रतिस्पर्धी भएको छ । एउटै ग्राहकले एक भन्दा बढी लघुवित्त संस्थाहरुको समूहमा सदस्य बनी त्यहाँबाट समेत गरी दोहोरो कर्जा सुविधा उपयोग गर्ने अवस्था सृजना भएको छ । जसले गर्दा कर्जाको गुणस्तर कायम गर्न कठिनाई तथा चुनौती देखिएको छ । त्यसै गरी दक्ष कर्मचारीहरुलाई टिकाइ राख्न पनि त्यत्तिकै समस्या देखिएको छ । उपरोक्त लघुवित्त बजारको अवस्था, प्रतिस्पर्धा र अन्य वित्तीय संस्थाहरुको उपस्थितिको बाबजुद यस वित्तीय संस्थाले कुशलतापूर्वक आफ्नो वित्तीय कारोबार सञ्चालन गरी आफ्नो वित्तीय स्थितिलाई मजबुद बनाउँदै लगेको छ । वित्तीय कारोबारको हिसावले करिव २१ बर्ष अवधिको वित्तीय संस्था भएतापनि नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजत पत्र प्राप्त गरी मिति २०७५ पुस १ गते देखि वित्तीय कारोबार सञ्चालन गर्दै आफ्ना कार्यक्षेत्रमा संचालित अन्य समान वित्तीय संस्थाहरु बीच यस वित्तीय संस्थाले आफ्ना स्थितिलाई मजबुद बनाउँदै लगेको छ । यो वित्तीय संस्था सञ्चालनको पहिलो वर्षदेखि नै मुनाफामा सञ्चालनमा रहेको छ भने समान प्रकृतिका संस्थाहरु बीच प्रतिस्पर्धा भएतापनि आफ्नो छुट्टै पहिचान बनाउन समेत सफल भई बजारमा आफ्नो स्थान ओगट्न सफल रहेको छ । साथै यस संस्थाले रणनीतिक योजना तथा कार्यविधि तयार गरी नयाँ नयाँ सेवा मार्फत लक्षित वर्गमा आफ्नो सेवा सुविधाको पहुँच पुऱ्याई अग्रणी भुमिका खेल्न सफल भएको छ । साथै अघिल्लो वर्ष सन् २०२१ अप्रिलमा स्मार्ट क्याम्पेनबाट ग्राहक संरक्षण गर्ने मूल ध्येय भएको स्मार्ट सर्टिफिकेट प्राप्त गर्ने पहिलो वित्तीय संस्था बनेको छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १० प्रतिशत वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १० प्रतिशत वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग.३.(ख) सम्पत्तिको विवरण :**

**(अ) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

वित्तीय संस्थाको आ.व.०७८/०७९ सम्मको सम्पत्तिको अवस्था तल उल्लेख गरे बमोजिम रहेको छ ।

| | सम्पत्ति | | | | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|---|---|
| **विवरण** | **परिवहन साधन** | **कार्यालय सामान** | **लिज होल्ड सम्पत्ति** | **अन्य सम्पत्ति** | **(रु.)** | **(रु.)** |
| **परलमोल** | | | | | | |
| क.गत वर्षको मौज्दात | – | ११,९३४.९३ | १,३४०.०८ | १,२६२.४२ | १४,५३७.४३ | १२,९४९.८१ |
| ख.यस वर्ष थप | ४,४९२.३८ | १,४८८.८७ | २८.१७ | ९७४.९५ | ६,९८४.३७ | १,६६८.५१ |
| ग.यस वर्ष पूनर्मूल्याङ्कन/पुनर्लेखन | – | – | – | – | – | – |
| घ.यस वर्षको विक्री | – | ११११.९२ | | ८९.५४ | २०१.४६ | – |
| ङ.यस वर्षको अपलेखन | – | २७२.३० | | ३००.५९ | ५७२.८९ | ४५९.०३ |
| **कुल परलमोल** | **४,४९२.३८** | **१३,०३९.५७** | **१,३६८.२४** | **१,८४७.२५** | **२०,७४७.४५** | **१४,१५९.२९** |
| **ह्रासकट्टी** | | | | | | |
| क.गत वर्ष सम्मको | – | ५,३७०.५४ | ६९२.३७ | ४१३.५० | ६,४७६.४२ | ४,११४.१२ |
| ख.यस वर्षको | ८९३.७७ | १,३३५.८२ | २७०.४३ | ७३७.५२ | ३,२३७.५५ | २,३६२.२९ |
| ग.ह्रासकट्टी पूनर्मूल्याङ्कन/पूनर्लेखन | – | – | | – | – | – |
| घ.यस वर्षको विक्री | – | २२९.२४ | – | ३२.५९ | २६१.८३ | – |
| **कुल ह्रासकट्टी** | **८९३.७७** | **६,४७७.१३** | **९६२.८०** | **१,११८.४३** | **९,४५२.१३** | **६,४७६.४२** |
| **बूक भ्यालू** | **३,५९८.६१** | **६,५६२.४५** | **४०५.४४** | **७२८.८२** | **११,२९५.३२** | **७,६८२.८७** |
| **जग्गा** | – | – | – | – | – | – |
| **पूँजीगत निर्माण** | – | – | – | – | – | – |
| **अनुदान सम्पत्ति** | – | | – | – | – | ३७८.१४ |
| **जम्मा** | **३,५९८.६१** | **६,५६२.४५** | **४०५.४४** | **७२८.८२** | **११,२९५.३२** | **८,०६१.०१** |

माथि उल्लेखित सम्पत्तिहरु चालू अवस्थामा रहेका तथा उक्त सम्पत्तिहरु वित्तीय संस्थाको मुख्य कार्यालय तथा शाखा कार्यालयहरुमा रहेका छन् ।

(आ) **बुँदा (अ) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने) :**
उक्त बुँदा (अ) मा उल्लेखित सम्पत्तिहरु वित्तीय संस्थाको आफ्नै स्वामित्वको हो ।

(इ) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सो नभएको ।

(ई) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :**
यस लघुवित्त वित्तीय संस्थाको सम्पत्ति वास्तविक खर्चको हिसाबमा कायम गरिएको छ ।

(उ) **सम्पत्तिको मूल्याङ्कन गरिएको तरीका सम्बन्धी विवरण :**
परल मोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सो को पुनर्मूल्याङ्कन गरिएको छैन् ।

**ग.३.(ग) भावी योजना तथा रणनिती :**

(अ) **व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**
वित्तीय संस्थाले आफ्नो व्यवसाय/सेवाको वृद्धिका लागि चालिने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।

- सर्वसाधारणहरुमा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) मार्फत साधारण शेयर जारी गरी चुक्ता पूँजी रु.१४,८५,७५,०००/– पुऱ्याउने ।
- आगामी दिनहरुमा शाखा बिस्तारमा थप जोड दिने ।
- यस वित्तीय संस्थाले आफ्ना शाखा विस्तारको हिसाबले निक्षेप संकलन तथा कर्जा प्रवाह गर्ने ।
- भविष्यमा समेत ग्राहकहरुबाट माग भए बमोजिमका सेवा सुविधाहरु आफ्ना ग्राहक वर्गमा ल्याउन प्रयत्नरत रहने छ ।
- संस्थागत सुशासन, आन्तरिक नियन्त्रण तथा प्रशासकीय सुदृढीकरणमा विशेष जोड दिने ।
- ऋण रकमको उपयोग उत्पादनशील कार्यमा लगाउनका लागि ऋणीहरुको उद्यमशीलता विकासमा जोड दिने ।
- संस्थाको पूँजी कोष नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय र नेपाल धितोपत्र बोर्ड लगायत नियमनकारी निकायको निर्देशन पालना गर्ने/गराउने ।
- परम्परागत कारोबार प्रणाली समयानुसार प्रविधियुक्त हुने गरी रुपान्तरण गर्ने कार्यमा नीतिगत व्यवस्था गर्ने ।

- आन्तरिक श्रोत साधनमा अधिकतम् परिचालन गरी वाह्य श्रोत परिचालन न्यून गर्ने ।
- संस्थागत सुशासन कायम गर्ने ।
- लगानीकर्तालाई उच्चतम प्रतिफल दिलाउने तर्फ प्रतिबद्ध रहने ।
- संस्थाले आफ्ना सदस्य तथा कर्मचारीहरुलाई उचित सेव सुविधाहरु प्रदान गरी संरक्षित समयानुकुल योजनाबद्ध रुपमा संस्थाको कारोबारहरुको स्तरीयता अभिवृद्धिमा जोड दिने ।
- समग्र कर्जाको गुणस्तरलाई उच्चस्तरमा राख्ने र कर्जा तथा सापटमा प्राप्त हुने प्रतिफललाई उच्च राख्न कर्जा लगानीमा विविधिकरण गर्ने ।
- वित्तीय संस्थाबाट सेवा लिई आय आर्जन मुलक कार्य गरी जीवनस्तर उकास्न इच्छुक र मापदण्डभित्र पर्ने सदस्यहरुलाई समूहमा प्रवेश गराउन जोड दिई सदस्य संख्या वृद्धि गर्दै लगिने ।
- वित्तीय संस्थाकको सेवाग्राहीहरुको संख्यामा वृद्धि गर्दै लैजाने ।
- संस्थागत रुपमा सबल बन्न तथा सदस्यहरुलाई थप सेवा सुविधा उपलब्ध गराउनको लागि मर्जर तथा प्राप्तिको सम्भावनाको खोजी गर्ने, र सहमतिको आधारमा मर्जर प्रक्रिया अगाडि बढाउने ।
- वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिमका उद्देश्यहरु हासिल गर्नका लगि लघुवित्त कारोबारहरु विस्तार गर्दै लैजाने ।

लघुवित्त कारोबार गर्ने वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु, लघुवित्त संस्थाले प्रदान गरेको तथा भविष्यमा प्रदान गरिने कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम, देशको राजनैतिक परिस्थितिबाट आउन सक्ने जोखिमहरु, देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु, नेपाल सरकारको आर्थिक नीति तथा नेपाल राष्ट्र बैंकको वित्तीय नीतिमा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु, पूँजीको लागत तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु, पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु, अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपालको बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति, नियम र निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु, देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु तथा लघुवित्त संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गर्दा धितोपत्रको मूल्यमा परिवर्तनका कारण उत्पन्न हुनसक्ने जोखिमहरु लगायत सम्पूर्ण जोखिमहरुको गहन अध्ययन र विश्लेषण गरी उक्त जोखिमहरु न्यूनिकरण गर्दै जाने रणनीति वित्तीय संस्थाले लिएको छ ।

**(आ) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको भविष्य :**

हाल देशको वित्तीय वातावरण अत्यन्त प्रतिस्पर्धात्मक छ र सोही कारणले गर्दा यस वित्तीय संस्थाले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न विभिन्न रणनीतिका साथ अगाडि बढेको छ । विगत छोटो अवधिमानै धेरै लघुवित्त वित्तीय संस्थाहरु स्थापना भई सञ्चालनमा आइरहेका छन् । यो परिस्थितिले गर्दा एकातर्फ देशको बैंकिङ्ग/वित्तीय वातावरण अझ बढी प्रतिस्पर्धात्मक हुने देखिन्छ भने अर्कोतर्फ विगतका केही सयमयता देखा परेका राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थितिले देशको आर्थिक स्थितिको बारेमा केही चिन्तित हुनुपर्ने स्थिति समेत रहेको छ । यो अवस्थाले देशको बैंकिङ्ग/वित्तीय व्यवसायलाई पनि केही हदसम्म प्रभाव पार्ने देखिएता पनि हालसम्मको परिस्थितिलाई मूल्याङ्कन गर्दा वित्तीय संस्थाको अवस्था सन्तोषजनक देखिएकोले त्यति चिन्तित भईहाल्नुपर्ने अवस्था देखिदैन । तसर्थ, देशको वित्तीय व्यवसाय बीचको प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र हाल सम्मका दिनहरुमा वित्तीय क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस लघुवित्त वित्तीय संस्थाले ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध श्रोत र साधनको उपयुक्त परिचालन गरी तुलनात्मक रुपमा उत्साहजनक उपलब्धि हासिल गरेको छ । साथै वर्तमान आर्थिक, राजनैतिक र बैंकिङ्ग प्रतिस्पर्धा बीच सफलताका अगाडि बढ्न वित्तीय संस्थाले आफ्ना सेवा तथा कार्यक्रममा भिन्नता, शाखा विस्तारमा बैंक/वित्तीय संस्था नभएका अर्धसरकारी र ग्रामीण क्षेत्रमा जोड, आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग सेवा जस्ता रणनीति अवलम्बन गरेर अगाडि बढिरहेको छ । साथै यस वित्तीय संस्थाका सञ्चालक समिति लगायत व्यवस्थापन टिम तथा उच्च पदाधिकारीहरुमा लामो समयको बैंकिङ्ग तथा लघुवित्तको अनुभव रहेकोले अन्य प्रतिस्पर्धी भन्दा पृथक किसिमले सहज तरिकाले सञ्चालन गर्न सक्ने क्षमता रहेकोछ । त्यस कारण वित्तीय संस्थाको विद्यमान उपलब्धिहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा यस वित्तीय संस्थाको भविष्य अझ बढी सुढृढ हुने देखिन्छ । यस लघुवित्त वित्तीय संस्थाको २०७९ साल चैत्र मसान्त सम्म जिल्ला, शाखा, कुल निक्षेप तथा कुल कर्जा देहाय बमोजिम रहेकोछ :–

| सि.नं. | विवरण | २०७९ चैत्र मसान्त सम्म |
|---|---|---|
| १. | जिल्ला | ६ |
| २. | केन्द्रीय कार्यालय | १ |
| ३. | कर्पोरेट कार्यालय | – |
| ४. | शाखा कार्यालय | ४१ |
| ५. | कुल निक्षेप ने. रु. | २,४७३,१७०,४१८.१४ |
| ६. | कुल कर्जा ने. रु. | ३,८७७,००४,७८९.०० |

**ग.३.(घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

सञ्चालक समितिको संरचना, सञ्चालकहरुको योग्यता र प्रतिनिधित्व तथा सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था यस प्रकार रहेको छ :

यस वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुबाट मनोनित/निर्वाचित | ४ जना |
| सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | २ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

**सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार यस वित्तीय संस्थाको सञ्चालक पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ। तर, स्वतन्त्र सञ्चालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**ग.४.क अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु.२०,००,००,०००/- (अक्षरेपि बिस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००।– का दरले २०,००,००० (बिस लाख) थान शेयरमा विभाजन गरिएको छ।

**जारी पूँजी :** कम्पनीको जारी पूँजी रु .१४,८५,७५,०००/- (अक्षरेपि चौध करोड पचासी लाख पचहत्तर हजार मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले १४,८५,७५० (चौध लाख पचासी हजार सात सय पचास मात्र) थान शेयरमा विभाजन गरिएको छ।

**चुक्ता पूँजी :** कम्पनीको हाल कायम चुक्ता पूँजी रु.११,०६,३२,५००/- (अक्षरेपि एघार करोड छ लाख बत्तिस हजार पाँच सय मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले ११,०६,३२५ (एघार लाख छ हजार तीन सय पच्चिस मात्र) थान शेयरमा विभाजन गरिएको छ। यस विवरणपत्र मार्फत निष्काशन गरिने थप सार्वजनिक निष्काशन (**फर्दर पब्लिक इस्यु)** गरी साधारण शेयरको बाँडफाँट पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु.१४,८५,७५,०००/– हुनेछ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

यस वित्तीय संस्थाको स्थापना पश्चात पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :

| क्र.सं. | आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | चुक्ता पुँजी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७७/०७८ | १०,००,००,००० | ९,००,००,००० | ६,३०,००,००० | ७०% | संस्थापक शेयर पूँजी ७० प्रतिशत, र कल इन एडभान्समा संस्थापकहरुले जम्मा गरेको थप पूँजी ३७.५८ प्रतिशत |
| २ | २०७८/०७९ | २०,००,००,००० | १४,८५,७५,००० | ११,०६,३२,५०० | ७४.४६% | मर्जर भएपछि २०७८/०९/२० को कम्पनी रजिष्ट्रार कार्यालयको अभिलेख अनुसार |

**ग.४.ख. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

सर्वसाधारणलाई शेयर निष्काशन गर्नू पूर्वको वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

| समूह | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु समूह | १०,४०,०२५ | ९४.०१% | १०,४०,०२,५००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत) | ६६,३०० | ५.९९% | ६६,३०,०००/– | शतप्रतिशत |
| | **जम्मा** | **११,०६,३२५** | **१००%** | **११,०६,३२,५००/–** | |

सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछः

| समूह | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु समूह | १०,४०,०२५ | ७०% | १०,४०,०२,५००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत) | ४,४५,७२५ | ३०% | ४,४५,७२,५००/– | यस मध्ये ६६,३०० शेयर कित्ता विक्री भई सकेको, र एफपीओ जारी गर्न बाँकी रहेको ३७९,४२५ शेयर कित्ता |
| | **जम्मा** | **१४,८५,७५०** | **१००%** | **१४,८५,७५,०००/–** | |

**ग.४.ग. शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :**

निष्काशन गरिने शेयर प्रिमियममा नभई अंकित मुल्यमा जारी गरिने भएकोले शेयर प्रिमियम खाताको आवश्यकता नभएको ।

**ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**ग.५.क संस्थापक/सञ्चालकको पृष्ठभूमी :**

**(अ) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभुत शेयरधनीको विवरण :**

| सि.नं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | प्रस्तावित ब्यापार/ ब्यवसायमा अनुभव | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | युनिक नेपाल | संस्थापक शेयरधनी | लागू नहुने | नेपाली | राजापुर न.पा. २, बर्दिया | ३,९५,००० | लागू नहुने | लागू नहुने | लागू नहुने |
| २. | प्रभु बैंक लि. | संस्थापक शेयरधनी | लागू नहुने | नेपाली | बबरमहल, काठमाण्डौं | १,५८,००० | लागू नहुने | लागू नहुने | लागू नहुने |
| ३. | कुमारी बैंक लि. | संस्थापक शेयरधनी | लागू नहुने | नेपाली | टंगाल, काठमाण्डौं | १,०८,००० | लागू नहुने | लागू नहुने | लागू नहुने |

**यस लघुवित्तको सञ्चालकहरुको विवरण :**

| सि.नं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | प्रतिशत | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री शिव बहादुर चौधरी | अध्यक्ष | ४४ | नेपाली | ललितपुर उ.म.न.पा.१, ललितपुर | २०,००० | १.८१ | एम.ए. | व्यवसाय क्षेत्रको ११ वर्ष अनुभव, हाल व्यवसायी |
| २. | श्री सन्तराम धरकटुवा थारु | संस्थापक सञ्चालक | ५१ | नेपाली | गुलरीय न.पा.६, बर्दिया | ५,००० | ०.३४ | एमए, बीएल | कानून व्यवसायी क्षेत्रको २५ वर्ष अनुभव |
| ३ | श्री पुरन प्रसाद चौधरी | संस्थापक सञ्चालक | ४९ | नेपाली | कैलारी गा.पा. –५, कैलाली | १९५० | ०.१३ | बी.ए. | शिक्षण संस्थामा १२ वर्षको अनुभव बचत तथा ऋण सहकारी संस्थामा सचिव ५ वर्ष |
| ४. | श्री जगत राम थारु चौधरी | संस्थापक सञ्चालक | ४० | नेपाली | राजापुर न.पा.६, बर्दिया | ५,००० | ०.३४ | एम.ए. | विभिन्न प्रोजेक्टमा १० वर्षको अनुभव |
| ५. | श्री बालिका चौधरी | पब्लिक सञ्चालक | ४१ | नेपाली | गुलरिया न.पा. वडा नं. १, बर्दिया | १०० | | बि.एड. एम.एड. | विभिन्न संस्थामा १२ वर्षको कार्य अनुभव |
| ६. | श्री जागेश्वर प्रसाद चौधरी | स्वतन्त्र सञ्चालक | ५९ | नेपाली | कोहलपुर न.पा.३, बाँके | नरहेको | ० | बिएस्सी ए.जि. | कृषि विकास बैंकमा ३० वर्षको अनुभव |

**(आ) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| सि.नं. | संस्थाको नाम, ठेगाना | व्यवसाय | सञ्चालकहरुको नाम, ठेगाना |
|---|---|---|---|
| १. | युनिक नेपाल, राजापुर न.पा.२, बर्दिया | सेवामूलक समाजिक संस्था | अध्यक्ष :- श्री प्रिम वहादुर थारु, राजापुर-२, बर्दिया<br>सचिव :- श्री निर्मला चौधरी, राजापुर-२, बर्दिया<br>कोषाध्यक्ष :- श्री जित बहादुर थारु, राजापुर-२, बर्दिया<br>कार्य समिति सदस्य :- श्री राधा चौधरी, राजापुर-२, बर्दिया<br>कार्य समिति सदस्य :-श्री राधेश्याम थारु, राजापुर-२, बर्दिया<br>कार्य समिति सदस्य :- बसन्ती कुमारी चौधरी, राजापुर-२, बर्दिया<br>कार्य समिति सदस्य :- श्री निर्मल कुमार थारु, राजापुर-६, बर्दिया |
| २. | प्रभु बैंक लि., अनामनगर, काठमाण्डौ | वित्तीय कारोबार | अध्यक्ष :- श्री लिला प्रकाश सिटौला<br>सञ्चालक :- श्री रमेश सिँह खड्का<br>सञ्चालक :- श्री शंकर प्रसाद कालिकोटा<br>सञ्चालक :- श्री रामेश्वर सापकोटा<br>सञ्चालक :- श्री ऋषिराम गौतम<br>सञ्चालक :- श्रीमती अन्जु अधिकारी<br>सञ्चालक :- श्री प्रोमद घिमिरे |
| ३. | कुमारी बैंक लिमिटेड, टंगाल, काठमाण्डौं । | वित्तीय कारोबार | अध्यक्ष :- श्री अमिर प्रताप जे.बी. राना, काठमाडौ, मैतीदेवी<br>सञ्चालक :- श्री उपेन्द्र केशरी न्यौपाने, काठमाण्डौं महानगरपालिका ४, वालुवाटार<br>सञ्चालक :- श्री इमान सिं लामा, काठमाण्डौं महानगरपालिका ९, बत्तिसपुतली<br>सञ्चालक :- श्री चन्द्र प्रसाद बस्तोला, भक्तपुर महानगरपालिका -१५, मध्यपुर ठिमी<br>सञ्चालक :- श्री कृष्ण प्रसाद ज्ञवाली , काठमाडौ, सामाखुशी चोखा रोड<br>सञ्चालक :- श्री महेश प्रसाद पोखेल, काठमाडौ, धुम्वराही |

**(इ) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठन सँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| सि.नं | सञ्चालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री शिव बहादुर चौधरी, ललितपुर उ.म.न.पा.१, ललितपुर | नरहेको |
| २. | श्री सन्तराम धरकटुवा थारु, गुलरिया न.पा. ६, बर्दिया | नरहेको |
| ३. | श्री पुरन प्रसाद चौधरी, कैलारी गा.पा., वडा नं. ५, कैलाली | नरहेको |
| ४. | श्री जगत राम थारु चौधरी, राजापुर न.पा., वडा नं. ६, बर्दिया | नरहेको |
| ५. | श्री बालिका चौधरी, गुलरिया न.पा., वडा नं. १, बर्दिया | नरहेको |
| ६. | श्री जागेश्वर प्रसाद चौधरी, कोहलपुर न.पा., वडा नं. ३, बाँके | नरहेको |

यस वित्तीय संस्थाको सञ्चालकहरु त्यस्तै खालका अन्य संगठित संस्थाहरुमा सञ्चालक नभएको यकिन गरिएको र सञ्चालकहरुको सम्बन्धमा सञ्चालकहरुबाट सूचिकृत संङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ अनुसारका प्रावधानहरु तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) मा उल्लेखित प्रावधानहरुको पूर्ण रुपमा पालना भएको छ ।

**(ई) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

ग) वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको पाँच वर्ष नपुगे तापनि वित्तीय संस्थाको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ । तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा

मात्र त्यस्तो शेयर नेपाल राष्ट्र बैंकको स्वीकृति लिई सञ्चालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंश बण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।

ङ) सर्वसाधारण शेयर खरिद गर्दा १० अङ्कले भाग गर्दा शेष नरहने गरी न्यूनतम १० कित्ता शेयर वा अधिकतममा विवरणपत्रमा तोकिए बमोजिम शेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ । तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

च) वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म सम्बन्धित वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन । तर, नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागू हुने छैन ।

छ) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो शेयर वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर सञ्चालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था ऐन, २०७३, कम्पनी कानून, धितोपत्र कारोबार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

झ) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (१०) को उपनियम (१) मा भएको ब्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**ग.५.ख संस्थापक/सञ्चालकसँगको कारोबार :**

माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी वि.वि.आर.वि.एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेण्टले प्रमाणित गरेको हो ।

| वित्तीय प्रक्षेपणका आधार तथा तरिका : | | | |
|---|---|---|---|
| **विवरण** | **आ.व.०७९/०८०** | **आ.व.०८०/०८१** | **आ.व.०८१/०८२** |
| १. कुल निक्षेपमा औषत वृद्धिदर (प्रतिशतमा) | ३३.७८% | २२.४२% | २०.४८% |
| २. कुल कर्जा तथा सापटमा औषत वृद्धिदर (प्रतिशतमा) | २८.६६% | १५.३१% | ११.८२% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजीकोष अनुपात (प्रतिशतमा) | १५८.४१% | १४९.२०% | १३८.४८% |
| ४. कुल आयमा औषत वृद्धिदर | २७.१४% | २२.७८% | १६.२२% |
| ५. कुल खर्चमा औषत वृद्धिदर | १८.०१% | २२.६६% | १४.१६% |
| ६. सञ्चालन खर्च तथा कुल आम्दानी अनुपात | २५% | २२% | २२% |
| ७. खुद मुनाफामा औषत वृद्धिदर | ५६.७४% | २३.०८% | २१.२२% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ७.५७% | ८.५०% | ९.००% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर (प्रतिशतमा) | १४.३७% | १४.००% | १४.००% |
| १०. आयकर व्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ११. निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | २.५५% | १.९७% | १.९३% |
| १२. लगानीमा प्रतिफल | १४.३७% | १४.००% | १४.००% |
| १३. अन्य सञ्चालन खर्चका वृद्धिदर | ४.८०% | १६.२६% | २४.६७% |
| १४. कर्मचारी खर्चमा वृद्धिदर | ३१.०३% | ६.३८% | १२.९५% |
| १५. % of Provision on Total Gross Loan | ५.७५% | ५.३३% | ५.०७% |
| १६. तरलता (CRR) | ०.५०% | ०.५०% | ०.५०% |
| १७. बैधानिक तरलता (SLR) | - | - | - |
| १८. पूँजीकोष पर्याप्तता (CAR) | १२.१७% | १३.२७% | १५.६६% |

**माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :**

१. **कर्जा तथा सापट :**

वित्तीय संस्थाको व्यवस्थापनले तयार पारी गर्ने योजना अनुसार आ.व.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ मा क्रमशः २८.६६, १५.३१ र ११.८२ प्रतिशतले कुल कर्जा वृद्धि हुने प्रक्षेपण गरिएको छ । हाल धेरै नयाँ लघुवित्त वित्तीय संस्थाहरुको बजारमा प्रवेश भएको र सो कारणले गर्दा लघुवित्त कारोबारमा अत्याधिक प्रतिस्पर्धा हुने भएकोले आगामी वर्षहरुमा कर्जा तथा सापट प्रवाह गर्न हालको भन्दा कठिनाई हुने देखिएकोले आ.व. २०७९/०८० र २०८०/०८१ मा कर्जा तथा सापटको वृद्धिदर आ.व.२०८१/०८२ को तुलनामा कम हुन गएको हो ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याजदर आ.व.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि १४ प्रतिशत हुने अनुमान गरिएको छ ।

कर्जा तथा सापटको निक्षेप र प्राथमिक पूँजीको अनुपात (CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरिएको छ । जस अनुरुप आ.व. २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि क्रमशः १५८, १४९ र १३८ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

कर्जा नोक्सानी व्यवस्था आ.व. २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि कुल कर्जा तथा सापटको क्रमशः ५.७५, ५.३३ र ५.०७ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

२. **निक्षेप :**

संस्थाको आ.व. २०७८/०७९ को असार मसान्तबाट आ.व. २०७९/०८० को चैत्र सम्ममा जम्मा निक्षेपमा लगभग २.९१ प्रतिशतको वृद्धि भएको तथा संस्थाको व्यवस्थापन टिमले गर्ने योजना अनुसार आ.व. २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ मा क्रमशः ३३.७८, २२.४२ र २०.४८ प्रतिशतले कुल निक्षेप वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

निक्षेप दायित्वमा तिर्नुपर्ने औसत ब्याजदर आ.व. २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि ७.५७, ८.५० र ९ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

३. **तरलता :**

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.व. २०७९/०८०, २०८०/०८१ र २०८१/०८२को लागि क्रमशः ०.५ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ ।

४. सञ्चालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्ट्याएको छ ।

५. आउँदो वर्षहरुको लागि वित्तीय संस्थाले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ ।

६. गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको सञ्चालन योजनाको आधारमा वित्तीय संस्थाको व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।

७. पूँजी पर्याप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ । जस अनुरुप पूँजीकोषको अनुपात आ.व. २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि क्रमशः १२.१७, १३.२७ र

१५.६६ प्रतिशत र प्राथमिक पूँजीको अनुपात आ.व. २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि क्रमशः ९.७३, ११.१८ र १३.५० प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ।

८. **निष्कृय कर्जा**

वित्तीय विवरणपत्रको दफा ग.९.क.ऐ मा उल्लेखित वित्तीय विवरणहरु प्रक्षेपण तालिकामा निष्क्रिय कर्जा २०७९/०८० मा २.५५%, २०८०/०८१ मा १.९७% र २०८१/०८२ मा १.९३% रहने उल्लेख गरिएको छ। साथै क्रमशः कुल कर्जा नोक्सानी व्यवस्था र कुल कर्जा अनुपात ५.७५%, ५.३३% र ५.०७% कायम हुनेछ भनी उल्लेख गरिएको छ।

**ग.९.ख वित्तीय अनुपात सम्बन्धी विवरण :**

संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी ३ वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :

(अ) सञ्चालन अवधि तीन वर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी ३ वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :

साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको वास्तविक तथा प्रक्षेपित ईपिएस र नेटवर्थ प्रति शेयर देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक (रु.हजारमा) | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ |
| चुक्ता पूँजी | ६३,००० | ६३,००० | ११०,६३३ | - | - | - |
| जगेडा तथा कोषहरु | १५५,९०५ | २२२,७२९ | २४४,७४८ | - | - | - |
| **कुल** | **२१८,९०५** | **२८५,७२९** | **३५५,३८०** | - | - | - |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्च | | | | - | - | - |
| **कुल नेटवर्थ** | **२१८,९०५** | **२८५,७२९** | **३५५,३८०** | - | - | - |
| शेयर संख्या (हजारमा) | ६३०.०० | ६३०.०० | १,१०६ | - | - | - |
| प्रति शेयर नेटवर्थ (रु.) | ३४७.४७ | ४५३.५४ | ३२१.२३ | - | - | - |
| प्रति शेयर चुक्ता पूँजी | १०० | १०० | १०० | - | - | - |
| नेटवर्थमा प्रतिफल | १८.६७% | २६.८५% | १८.९५% | - | - | - |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी **(EPS)** कायम राख्न आवश्यक न्यूनतम प्रतिफल | | | | | | |

**नोट :** युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत पत्र प्राप्त गरी आफ्नो वित्तीय कारोवार मिति २०७५/०९/०१ गतेदेखि सञ्चालन गरेको हुँदा विगत ३ आर्थिक वर्षको मात्र वास्तविक वित्तीय विवरणहरु माथि उल्लेख गरिएको छ।

साविकको घोडीघोडा लघुवित्त वित्तीय संस्थाको वास्तविक ईपिएस र नेटवर्थ प्रति शेयर देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ |
| चुक्ता पूँजी | २७,६२५ | २७,६२५ | २७,६२५ | - | - | - |
| जगेडा तथा कोषहरु | (२,३६९) | (३,५९८) | (७,८७७) | - | - | - |
| **कुल** | **२५,२५६** | **२४,०२७** | **१९,७४८** | - | - | - |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **२५,२५६** | **२४,०२७** | **१९,७४८** | - | - | - |
| शेयर संख्या (हजारमा) | २७६ | २७६ | २७६ | - | - | - |
| प्रति शेयर नेटवर्थ (रु.) | ९१.४२ | ८६.९७ | ७१.४८ | - | - | - |
| प्रति शेयर चुक्ता पूँजी | १०० | १०० | १०० | - | - | - |
| नेटवर्थमा औसत प्रतिफल | ०.६५% | (५.१२%) | (२१.६७%) | - | - | - |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी(EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | | |

**नोटः** साविकको घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडले मिति २०७८/०९/२९ गते सम्म मात्र वित्तीय कारोबार सञ्चालन गरेको हुँदा विगत ३ आर्थिक वर्षको मात्र वास्तविक वित्तीय विवरणहरु माथि उल्लेख गरिएको छ ।

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ |
| चुक्ता पूँजी | – | – | – | १४८,५७५ | २४८,५७५ | ३४८,५७५ |
| जगेडा तथा कोषहरु | – | – | – | ३९८,५१३ | ५६९,३४६ | ७७६,४२८ |
| **कुल** | – | – | – | ५४७,०८७ | ७१७,९२१ | ९६५,००३ |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्च | – | – | – | | | |
| **कुल नेटवर्थ** | – | – | – | ५४७,०८७ | ७१७,९२१ | ९६५,००३ |
| शेयर संख्या (हजारमा) | – | – | – | १,४८६ | १,४८६ | १,८८६ |
| प्रति शेयर नेटवर्थ (रु.) | – | – | – | ३६८.२२ | ४८३.२१ | ५११.७४ |
| प्रति शेयर चुक्ता पूँजी | – | – | – | १०० | १०० | १०० |
| नेटवर्थमा प्रतिफल | – | – | – | २५.८९ | ३३.३७ | २६.११ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न आवश्यक न्यूनतम प्रतिफल | | | | | | |

साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा मर्जर भई बनेको संस्था युनिक नेपाल वित्तीय संस्था लिमिटेडले २०७८ साल पुस ३० गतेबाट एकीकृत कारोवार शुभारम्भ गरेको हुँदा प्रक्षेपित वित्तीय विवरणहरु मात्र उल्लेख गरिएको ।

(आ) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

| विवरण | वास्तविक (रु. हजारमा) | | | अपरिष्कृत | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/८० चैत्र मसान्त | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ३४७.४७ | ४५३.५४ | ३२१.२३ | २६३.३८ | ३६८.२२ | ४८३.२१ | ५११.७४ |
| नेटवर्थमा औसत प्रतिफल | १८.६७% | २६.८५% | १८.९५% | (२०.५३)% | २५.८९% | ३३.३७% | २६.११% |

**सो प्रमाण्ति गर्ने लेखापरिक्षकको कागजात**

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.(क) धितोपत्र जारी गर्नुको उद्देश्य :**

१) यस लघुवित्त वित्तीय संस्थाको मिति २०७८/६/८ गते सम्पन्न विशेष साधारण सभा तथा सञ्चालक समितिको मिति २०७८/०५/१९ गते बसेको बैठकको निर्णय अनुसार वित्तीय संस्थाको सर्वसाधारण समूहको प्रति शेयर अंकीत मूल्य रु.१००/– को कित्ता साधारण शेयरहरु अंकित मूल्यमा ३,७९,४२५ कित्ता थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) मार्फत बिक्री वितरण गरी लघुवित्त वित्तीय संस्थाको शेयर पूँजी संरचना मिलान गर्ने ।

२) साविकको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड मर्जर भई बनेको यस संस्था को कुल चुक्ता पूँजी रु. ११,०६,३२,५००/– (अक्षरेपि एघार करोड छ लाख बत्तीस हजार पाँच सय रुपैयाँ मात्र) को ९४.०१ प्रतिशले हुन आउने संस्थापक समूहको रु. १०,४०,०२,५००/– (अक्षरेपि दश करोड चालिस लाख दुई हजार पाँच सय रुपैयाँ मात्र) र ५.९९ प्रतिशतले हुन आउने सर्वसाधारण समूहको रु. ६६,३०,००० /– (अक्षरेपि छैसट्ठी लाख तीस हजार रुपैयाँ मात्र) रकम बराबरको शेयर कायम रहेको हुनाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र नेपाल राष्ट्र बैंकले एक आपसमा गाभ्ने/गाभिने (मर्जर)का लागि अन्तिम स्वीकृति पत्र प्रदान गर्दा दिएको निर्देशन बमोजिम कुल जारी पूँजीको कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणलाई छुट्याउनु पर्ने हुँदा यस संस्थाले रु.३,७९,४२,५००/- रकम बराबरको प्रति शेयर अंकीत मूल्य रु. १००/– दरका ३,७९,४२५ कित्ता साधारण शेयर सर्वसाधारणहरुमा "थप सार्वजिनक निष्काशन" गरी सर्वसाधारण समूहको शेयर स्वामित्व प्रबन्धपत्रमा उल्लेख भए बमोजिम ३० प्रतिशत कायम गर्न ।

३) यस वित्तीय संस्थामा मर्जर भएको घोडीघोडा लघुवित्तले पहिले नै आईपीओ जारी गरी सकेकोले युनिकले आईपीओ जारी गर्न बाँकी रहेको शेयरपूँजीलाई धितोपत्र जारी गर्दा आईपीओ नामबाट जारी गर्न नमिल्ने प्राविधिक विषय भएकोले सोही आईपीओ गर्न बाँकी रहेको रकमलाई एफपीओ विधिबाट सर्वसाधारणकोलागि धितोपत्र जारी गर्नु परेको हो । यसको अर्को कारण संस्थापक र सर्वसाधारण शेयरधनीहरुको पूँजी संरचना अनुपात हाल क्रमशः ९४.०१ र ५.९९ प्रतिशत रहेकोलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, प्रबन्धपत्र र नियमावली अनुसार ७० र ३० प्रतिशत कायम गर्नुपर्ने भएकोले हो । एफपीओ गर्दा पूँजीलाभ भन्दा पोलिसी कम्प्लाएन्स जरुरी भएकोले गर्नु पर्ने भएको हो । एफपीओ जारी गर्न भनी नेपाल राष्ट्र बैंकले पटक पटक लिखित निर्देशन दिएको अवस्था समेत रहेको छ ।

४) लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

५) लघुवित्त वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

**ग.१०.(ख) धितोपत्र निष्काशन गरी प्राप्त पूँजीको उपयोग :**

**(अ) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ, तत्सम्बन्धी विवरण :**

साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम "घ" वर्गको वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही वित्तीय संस्थाको व्यावसायिक प्रयोजनमा उपयोग गरिनेछ । साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाको नियमित लघुवित्त कारोबार एवं आर्थिक कारोवारहरु विस्तार एवं वृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ ।

| क्र.सं. | कर्जा प्रवाह गरिने क्षेत्रहरु | करिव रकम (रु.) |
|---|---|---|
| १ | नेपाल राष्ट्र बैंकबाट स्वीकृत क्षेत्रमा कर्जा लगानी (विपन्न वर्ग कर्जा समेत) | २,७४,४२,५०० |
| २ | तरलता व्यवस्थापन अन्तर्गत वित्तीय संस्थाहरुमा मौज्दात | ७५,००,००० |
| ३ | भौतिक पूर्वाधार तथा शाखा बिस्तार (२०८० पुस मसान्त सम्म ३ वटा शाखा थप गरिनेछ) | ३०,००,००० |
| | **जम्मा** | **३,७९,४२,५००** |

नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली , २०७३ "घ" (चौथो संशोधन सहित) सम्बन्धी व्यवस्थाको परिच्छेद २ को विनियम ४ (२) को व्यवस्था अनुसार वित्तीय संस्थाले कूल जारी पँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणमा बिक्री वितरण नभएको अवस्थामा त्यस्तो नपुग अंश सर्वसाधारणमा जरी गर्ने व्यवस्था वित्तीय संस्थाले मिलाउनुपर्ने भएकोले रु.३,७९,४२,५००/- रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/– दरका ३,७९,४२५ कित्ता साधारण शेयर सर्वसाधारणहरुमा थप सार्वजिनक निष्काशन (फर्दर पब्लिक इस्यू) गरिएको ।

**(आ) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ति गर्नको लागि अपानाइने बैकल्पिक व्यवस्था :**

लघुवित्त वित्तीय संस्थाहरुको शेयर निष्काशन गर्दा निष्काशित शेयर भन्दा अधिक मात्रामा आवेदन प्राप्त हुने गरेको देखिएकोले यस वित्तीय संस्थाको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने धारणा वित्तीय संस्थाको रहेकोछ । कथंकदाचित निष्काशन गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा मेघा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौंले निष्काशन रकमको सम्पुर्ण शेयर खरिद गर्ने प्रत्याभूति सम्झौता गरिएको छ ।

**(इ) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** सो नभएको ।

**(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्ने :** सो नभएको ।

**(उ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु :**सो नभएको ।

**(ऊ) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**(ए) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** सो नभएको ।

**(ऐ) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** सो नभएको ।

**(ओ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** सो नभएको ।

**(औ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने :**

**(१) निष्काशन तथा बिक्री प्रबन्धक :**

यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणलाई बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा कार्य गर्न मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंलाई सेवा शुल्क बापत रु.१,००,०००/– (अक्षरेपि रु. एक लाख रुपैयाँ मात्र) भुक्तानी दिइनेछ ।

(२) **ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा)** : सो नभएको ।

(३) **प्रत्याभूतिकर्ता :**

प्रत्याभूतिकर्ता मेघा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौंलाई प्रत्याभुति सेवा प्रदान गरेका बापत रु.७०,०००/– (अक्षरेपि सत्तरी हजार रुपैया मात्र) भुक्तानी दिईनेछ ।

(४) **विज्ञहरु** : प्रक्षेपित वित्तीय विवरण प्रमाणित गर्ने विज्ञलाई रु.२५,०००/– भुक्तानी गरिएको छ ।

(५) **लेखापरिक्षक :**

वित्तीय संस्थाको प्रक्षेपित वित्तीय विवरणहरुको पुनरावलोकन गरी प्रमाणित गर्न वि.वि.आर.वि. एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेण्टलाई प्रमाणित शुल्क वापत रु.२५,०००/– प्रदान गरेको छ ।

**(६) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) :**
नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त सि–आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु संकलन केन्द्रको रुपमा

**ग.१०.(ग) सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै ब्यबस्था गर्न लागिएको छ भने तत्सम्बन्धि विवरण :** सो नभएको ।

**ग.१०.(घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** सो नभएको ।

**ग.१०.(ङ) धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी व्यवस्था :**

**सर्वसाधारण शेयरधनीहरु :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन सहित)" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिनेछ ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्कासित शेयर बिस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँड गरिनेछ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँड गरिनेछ ।
४. उपरोक्त अनुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरि गरिनेछ ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकहरुलाई बाँडफाँड गरी बाँकी रहेको शेयर प्रत्याभुतिकर्ताले प्रत्याभुति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरिद गर्नेछ ।

**(१) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिने

छ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँड गरी बाँकी रहेको शेयर प्रत्याभुतिकर्ताले प्रत्याभुति सम्बन्धी सम्झौतामा भएको ब्यवस्था अनुसार खरिद गर्नेछ ।

**(२) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
शेयर बिक्री बन्द भए पश्चात नेपाल धितोवपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका,२०७३" को अनुसूची नं. ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

**(३) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागू भईसकेको सन्दर्भमा यो व्यवस्था लागू नहुने ।

**(४) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" तथा नेपाल धितोपत्र बोर्डको प्रचलित ब्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाई प्रचलित व्यवस्था अनुसार निर्धाारित अवधि भित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई नीजहरुले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भए पश्चात सोझै जम्मा गर्ने ब्यवस्था गरिनेछ ।

**(५) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** सो नभएको ।

**(६) धितोपत्र सूचीकरण भैइसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यवस्था सम्बन्धी विवरण :**

सार्वजनिक निष्काशन गरिने साधारण शेयर “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” बमोजिम साधारण शेयरको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचीकरण र दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लाग आवश्यक व्यवस्था मिलाइनेछ ।

**ग.१०.(च) प्रत्याभूति सम्बन्धी विवरण :**

**(अ) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शतप्रतिशत आर्थत कित्ता साधारण शेयरको लागि रु. ३,७९,४२,५००/- रकम बराबरको श्री मेघा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौंद्धारा प्रत्याभुति सेवा प्रदान गरिएको छ ।

**(आ) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभुतिकर्ता सँग गरिएको सम्झौताको मुख्य मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ :

१. प्रत्याभुतिकर्ताले ३,७९,४२५ कित्ता साधारण शेयरहरुको लागि प्रत्याभुति सेवा प्रदान गरेको छ ।
२. प्रत्याभुतिकर्तालाई प्रत्याभुति सेवा प्रदान गरे बापत वित्तीय संस्थाले रु. ७०,०००/– भुक्तानी दिइनेछ ।
३. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभुतिकर्ताको दायित्व प्रत्याभुतित कित्ता शेयरहरुमा मात्र सिमित हुनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभुतित कित्ता शेयरहरुमा सिमित हुने गरी प्रत्याभुतिकर्ताले खरिद गर्ने सहमति जनाएको छ ।
५. प्रत्याभुति सम्झौतापत्रको अवधि प्रत्याभुतिकर्ताको दायित्व समाप्त नभए सम्म हुनेछ ।
६. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।
७. प्रत्याभुति सम्बन्धि अन्य व्यवस्थाहरु प्रचलित कानून तथा प्रत्याभुति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**ग.१०.(छ) आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(अ) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धित व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । साथै लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण वित्तीय संस्थाले नियमित रुपमा आर्जन गर्ने मुनाफा तथा वित्तीय संस्थाको पूँजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ ।

**(आ) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, कोहलपुर ११, कोहलपुर, बाँके वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेडको नारायणचौर,नक्साल, काठमाण्डौंमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ठ रकम “धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३” ले गरेको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सहभागी बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी आस्वा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० (दश) कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० (दश) अंकको गुणाङ्कमा अधिकतम १,००० (एक हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

**(इ) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरण पत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
२. आवेदकले सि–आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई “धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४” को अनुसूची ४ बमोजिमको सि–आस्वा रजिष्ट्रेशन फारम भरी **CRN** नं. लिनु पर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।
५. आवेदकले **CRN** नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि–आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ ।
७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछ:
   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ।
   ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।
   च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
   छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।
८. आवेदकले आवेदन दिँदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनहुँदैन ।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।
१२. धितोपत्र बाँडफाट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट **CRN** नं. लिईसकेको हुनुपर्नेछ ।
१४. शेयर बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर नीजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।
१५. रु.५ लाखसम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) दरखास्त फारममा खुलाउनुपर्नेछ ।

## ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** कारोवार नभएको ।
(ख) **आधारभूत शेयरधनी :** कारोबार नभएको ।
(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :** कारोवार नभएको ।
(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।
(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्झौता नभएको ।
(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** ऋण कारोवार नभएको ।

## ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण : सो नभएको ।

## ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :

(क) **संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :** यस वित्तीय संस्था हालसम्म सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :** हालसम्म यस वित्तीय संस्थाले सार्वजनिक निष्काशन नगरिएको ।

**ग.१५. परामर्शदाता/ विशेषज्ञ सम्बन्धी विवरण :**

(क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

- **लेखापरिक्षक :**
यस युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको आ.व. ०७६/०७७ र आ.व. ०७७/०७८ को लेखापरिक्षण वि.वि.आर.वि. एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेण्ट्सले गर्नु भएको हो। आ.व. ०७८/०७९ को लेखा परिक्षण दीक्षित एण्ड एशोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सले गर्नु भएको हो । साथै यस वित्तीय संस्थाको मिति २०७९ साल चैत ४ गते सम्पन्न चौथो वार्षिक साधारण सभाबाट आ.व. २०७९/०८० को लेखापरिक्षण गर्नकालागि दीक्षित एण्ड एसोसियट्सका चाटर्ड एकाउन्टेन्टलाई नियुक्त गरिएको छ ।

- **निष्काशन बैंक (Banker to the Issue) :**
यस शेयर निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | बैंकको नाम, ठेगाना | खाता नम्बर |
|---|---|---|
| १. | श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौं । | ०१३१०४००४०६५३२००००२९ |

- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**
यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञमा वित्तीय संस्था आफै रहेको छ ।
- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठिक छ भनी प्रमाणित गर्ने विज्ञ :**
यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा वि.वि.आर.वि. एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेण्ट रहेको छ ।

(ख) **माथि खण्ड (क) मा उल्लेखित संस्था वा ब्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु :** सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा ब्यवस्थापनको धारणा:** सो नभएको ।

(ख ) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**
यस थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा एक विशेष कक्षको ब्यवस्था गरिएको छ । लगानीकर्ताको गुनासो सुन्ने र समाधानको लागि अनुपालना अधिकृत श्री अनिल महर्जन (सम्पर्क नं: ४५४६१०८/४७० - एक्सटेन्सन १११) लाई तोकिएको छ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो ब्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धि विवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धि विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण** : हालसम्म वित्तीय संस्थाले कुनै ऋणपत्र जारी गरिएको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :** हालसम्म वित्तीय संस्थाले अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा सो को विवरण :**
यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था वि.वि.आर.वि. एण्ड एसोसिएट्स, न्युरोड नेपालगञ्ज, बाँकेका चार्टर्ड एकाउण्टेण्टले प्रमाणित गरेको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरिक्षक परिवर्तन भएको भए, सो को कारण :**
गत तीन आर्थिक वर्ष भित्र सञ्चालक परिवर्तन विवरण ।

| क्र.स. | साविकको सञ्चालक | नयाँ नियुक्त सञ्चालक | परिवर्तन हुनुको कारण |
|---|---|---|---|
| १ | श्री कन्हयौ लाल चौधरी | श्री जागेश्वर प्रसाद चौधरी | प्रबन्धपत्रमा व्यवस्था भए अनुसार एक जना स्वतन्त्र सञ्चालक नियुक्त गर्नु पर्ने भएकोले एक जनाले राजनीनामा दिएको |
| २ | थप भएको | श्री पुरन प्रसाद चौधरी | मर्जरको सम्झौता एक जना घोडीघोडाबाट सिफारिस भई नियुक्त गरिएको |
| ३ | श्री काली प्रसाद चौधरी<br>श्री शिव बहादुर चौधरी<br>श्री सन्तराम धरकटुवा थारु<br>श्री सपना श्रेष्ठ<br>श्री पुरन प्रसाद चौधरी<br>श्री जागेश्वर प्रसाद चौधरी | श्री शिव बहादुर चौधरी<br>श्री सन्तराम धरकटुवा थारु<br>श्री पुरन प्रसाद चौधरी<br>श्री जगतराम थारु चौधरी<br>श्री बालिका चौधरी<br>श्री जागेश्वर प्रसाद चौधरी | २०७९ साल चैत ४ गते शुसम्पन्न चौथो वार्षिक साधारण सभाबाट नयाँ कार्य समिति गठन गरेको |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
कम्पनी सचिवको जिम्मेवारी सहित कार्यकारी निर्देशकको नाम : डा. गोपाल दहित
ठेगाना : बर्दिया, राजापुर न.पा., वडा नं. २, जोतपुर
योग्यता : एम.बि.ए, एलएलबी, पिएचडी

**(घ) सार्वजनिक निष्काशन गर्नको लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
वित्तीय संस्थाको मिति २०७७/४/३१ गते बसेको सञ्चालक समितिको ३१ औं बैठकबाट सर्वसाधारणहरुलाई छुट्टयाएको रु.३ करोड ७९ लाख ४२ हजार ५ यस रकम बराबरको ३,७९,४२५ कित्ता साधारण शेयर सर्वसाधारणहरुमा निष्काशन गर्नका लागि मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंलाई निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गर्ने निर्णय भएको छ । साथै सो सम्बन्धी कार्य गर्नका लागि वित्तीय संस्थाका प्रबन्ध निर्देशकलाई अख्तियारी दिइएको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**
वित्तीय संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण कार्यालय समयभित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय कोहलपुर ११, बाँके र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा सम्पर्क राखी प्राप्त गर्न वा हेर्न सकिनेछ ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :** हाल सम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचिलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सकिनेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु शेयरवाला, कर्मचारी वा अरु कसैको लागि सुरक्षित गरिएको छैन ।

**(झ) वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने वित्तीय संस्थाको उद्घोषण रहेको छ । साथै यस वित्तीय संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७७/०७८ सम्मको विवरण पेश गरेको हुनाले उक्त आर्थिक वर्ष सम्ममा यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको र सो ब्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१/५, च.नं. ७६७६१/०७९/८० को पत्रबाट प्राप्त भएको छ । र सञ्चालक समितिको लगत प्रमाणीत गरिएको कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/०५, च.नं. ७६७६१/०७९/८० को पत्र प्राप्त भएको ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुका तथा तिनका तोकिएको शाखा कार्यालयहरुबाट आवेदन दिनसक्ने ब्यबस्था गरिएको छ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (छैठौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस नेपाल लिमिटेड बाट इस्यूर रेटिङ्ग गराई "CARE-NP B+ (Is) [Single B Plus (Issuer Rating)]" प्रमाणपत्र प्राप्त गरेको छ । "CARE-NP B+ (Is) [Single B Plus (Issuer Rating)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम (high risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने बुझिन्छ । केयर रेटिङ्गस नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA (Is) ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात उच्च सुरक्षित रहेको आधार जनाउँछ र CARE-NP D (Is) ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ CARE-NP B+ (Is) को स्थिति CARE-NP B–(Is) को भन्दा एक चिन्ह माथि रहन्छ ।

रेटिङ्ग प्रदान गरेको मिति : March 10, 2023 मिति २०७८ साल फाल्गुण २६ गते ।

रेटिङ्ग बहाल रहने अवधि : February 4, 2024 मिति २०८० साल माघ २१ गते ।

**(ठ) विवरणपत्र तयार गर्नेको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवको विवरण :**

यस विवरणत्रप तयार गर्ने ब्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं रहेको छ ।

**(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लिएरिङ्ग लिमिटेडमा सूचीकरण भएका शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस वित्तीय संस्थाको कार्यालयबाट वा वित्तीय संस्थाको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड रहेको छ ।

**(ढ) सकारात्मक पक्षहरु :**

१) लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।
२) स्थानीय समुदायमा वित्तीय संस्थाले बनाएको अमिट छाप,
३) छिटो छरिटो सेवा एवं निर्णय दिने वातावरण,
४) वित्तीय संस्थाको सञ्चालक समिति र व्यवस्थापनमा रहेको अन्तरराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
५) नीतिगत पारदर्शिता र बलियो संस्थागत सुशासन,
६) सामाजिक जिम्मेवारी र दायित्व
७) स्मार्ट क्याम्पेनबाट स्मार्ट प्रमाणपत्र प्राप्त

**(ण) साधारण शेयरको बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू)मार्फत सर्वसाधारणहरुमा जारी गरिने साधारण शेयरको लागि आवेदन दिने कम्तीमा ४ कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र सार्वजनिक निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ग.२३. सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठिक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत ।

| सि.नं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री शिव बहादुर चौधरी | अध्यक्ष | |
| २. | श्री सन्तराम धरकटुवा थारु | संस्थापक सञ्चालक | |
| ३. | श्री पुरन प्रसाद चौधरी | संस्थापक सञ्चालक | |
| ४. | श्री जगतराम थारु चौधरी | संस्थापक सञ्चालक | |
| ५. | सुश्री बालिका चौधरी | पब्लिक सञ्चालक | |
| ६ | श्री जागेश्वर प्रसाद चौधरी | स्वतन्त्र सञ्चालक | |

ग.२४.   **निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) को प्रति :**

**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**
A Subsidiary of Muktinath Bikas Bank Ltd.

Licensed by Securities Board of Nepal
Services:
» Issue Management » Share Registrar (RTS)
» Underwriting » Depository Participant
» Portfolio Management » Corporate Advisory

च.नं.: १०८५/०७९/०८०

मिति : २०८०/०१/३१

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
खुमलटार, ललितपुर ।

**विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,

बाँके जिल्ला, कोहलपुर-११ मा रजिष्टर्ड कार्यालय रहेको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले प्रति कित्ता रु.१००/- दरको ३,७९,४२५ कित्ता साधारण शेयर सर्वसाधारणहरुमा थप सार्वजनिक निष्काशन (फंदर पब्लिक इस्यु) मार्फत शेयर जारी गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछु । शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानुनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. वित्तीय संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त वित्तीय संस्थाबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । वित्तीय संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा वित्तीय संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोबार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा वित्तीय संस्थाद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धित बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. वित्तीय संस्थाले निष्काशन गर्न लागेको शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र र दरखास्त फारम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध निर्देशिकामा उल्लेखित सबै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी वित्तीय संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तर्फबाट**
**मुक्तिनाथ क्यापिटल लिमिटेड**

**नाम** : कबिन्द्र ध्वज जोशी
**पद :** प्रमुख कार्यकारी अधिकृत

**सही :**

**कार्यालयको छाप :**

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.

ग.२५. विवरणपत्र वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**B.B.R.B. & ASSOCIATES**
**CHARTERED ACCOUNTANTS**

To,
The Board of Directors
Unique Nepal Laghubitta Bittiya Sanstha Limited
Kohalpur-11, Banke

Re: **Report on Examination of Prospective Financial information of Unique Nepal Laghubitta Bittiya Sanstha Limited**

We have examined the projected financial statements of Unique Nepal Laghubitta Bittiya Sanstha Limited for the financial year 2079/80 to 2081/82 being financial Year 78-79 as Base year, in accordance with the Nepal Standard on Assurance Engagements 3400, "The examination of Prospective Financial Information ", issued by the Institute of Chartered Accountants of Nepal. The preparation and presentation of the projection including the underlying assumptions to the prospective financial information, is responsibility of management and has been approved by the Board of Directors of the company. Our responsibility is to examine the evidence supporting assumptions and other information in the prospective financial information. Our responsibility does not include verification of projections. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared as one of the pre-requisites of Security Board of Nepal (SEBON) for approval to issue Follow-on Public Offering (FPO) of the shares of the company. The projection has been prepared under Generally Accepted Accounting Principles (GAAP) using set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than that prescribed above.

We have carried out examination of the prospective financial information on test basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide reasonable basis for the projection.

Further, in our opinion the projection is properly prepared on the basis of the assumption to the prospective Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles. Even if the events anticipated under the hypothetical financial statements, using appropriate accounting principles. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

B.R.B. & Associates Nepalgunj Chartered Accountants

Bishwa Ram Bhandari, FCA
Partner
UDIN : 230418CA008305nmp3

Date: 18th April, 2023
Place: Nepalgunj, Banke

info@bbrbassociates.com +977-81-532906/542293 www.bbrbassociates.com